Email: gaidahawagaupalika@gmail.com
Website: gaidahawamun.gov.np

# गैडहवा गाउँपालिका
# गाउँ कार्यपालिकाकोकार्यालय
गैडहवा-३,विष्णुपुरा रुपन्देही

लुम्बिनी प्रदेश नेपाल

प.सः०८१/०८२ प्रथम पटक प्रकाशित मितिः२०८१/०९/१८

च.नं/राजश्व/

## आन्तरिक आय संकलन(ठेक्का बन्दोबस्त) सम्बन्धी ७ दिने सूचना !

गैडहवा गाउपालिकाको आन्तरिक आय संकलनको लागि स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम गैडहवा तालको पानी सुकाई माछा मार्ने कार्यका लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकाले ईच्छुक व्यक्ति तथा फर्मबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रहि दरभाउपत्र खरिद गरि देहायको मिति र समयभित्र शिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्नुहुन सूचित गरिन्छ । अन्य थप जानकारीका लागि कार्यालय समयभित्र यस गाउकार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिन्छ ।

ठेक्का विवरण

| क्र.स. | आय ठेक्का नं | ठेक्का विवरण | न्युनतम अंक | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ७/गैडहवा/राजश्व/२०८१-०८२ | गैडहवा ताल गैडहवा-४ | ८५०००/- | १००० | |

१. दरभाउपत्र खरिद २०८१/०९/२४ गते सम्म कार्यालय समय भित्र गैडहवा गाउकार्यपालिकाको कार्यालय गैडहवा-३ रुपन्देहीबाट खरीद गर्न सकिनेछ ।खरिद भएका दरभाउपत्रहरु २०८१/०९/२५ गते दिनको अपरान्ह १२:०० वजे भित्र सम्म गैडहवा गाउकार्यपालिकाको कार्यालय गैडहवा-३ रुपन्देहीमा दर्ता गर्न सकिनेछ र दर्ता भएका दरभाउपत्रहरु सोही दिन २:०० बजे खोलिनेछ ।

२. दरभाउपत्रको खामको बाहिर पट्टी ठेक्का नं,ठेक्का बिबरण र नाम प्रष्ट बुझिने गरि लेख्नु पर्नेछ ।

३. ठेक्का लिन चाहने ईच्छुक फर्मले कबोल अंकलाई आधार मानी धरौटी बापत कबोल अंकको ५ प्रतिशत रकम धरौटी बैंक दाखिला राख्नु पर्नेछ। धरौटी वापत यस गैडहवा गाउकार्यपालिकाको कार्यालय गैडहवा-३ को एन.आई.सी. एशिया बैङ्क गैडहवा शाखाको ११०CA५००१४८१६००४ धरौटी खातामा जम्मा गरेको भौचरको सक्कल प्रति वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त (क) वर्गको वाणिज्य बैङ्कबाट जारी गरिएको कम्तिमा १२० (एक सय बीस दिन) मान्य हुने बिड बण्डको सक्कल प्रति दरभाउपत्र साथ पेश गरेको हुनु पर्नेछ ।

४. दरभाउपत्र स्वीकृत भए पश्चात कबोल गरेको रकम र सो मा लाग्ने कर दाखिला गरि आव्श्यक कागजात सहित कार्य समझौताको लागि सम्पर्क राख्नु पर्नेछ ।

५. दरभाउपत्र खरिदकर्ताले आफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरि लेख्नु पर्नेछ ।अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।दर्ता भएको शिलबन्दी दरभाउपत्र फिर्ता तथा संशोधन हुनेछैन ।

६. दरभाउपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोल्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलीपल्ट माथी उल्लेखित समयमा दाखिला गर्नु पर्नेछ, साथै त्यसै वमोजिम खोल्ने कार्यक्रम पनि हुनेछ ।

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

७. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने नगर्ने वा सूचना रद्द गर्ने वा सूचना संशोधन लगायतका आदी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।साथै कार्यालय र दरभाउपत्रदाता बीच कुनै विवाद उत्पन्न भएमा यस कार्यालयले गरेको निर्णय नै अन्तिम हुनेछ ।

८. प्रचालित नियमानुसार कालो सूचीमा परेका, गाउपालिका कार्यालयलाई बुझाउनुपर्ने बाकी बक्यौता भएका ब्यक्ति,फर्म तथा कम्पनीहरुको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

९.यो ठेक्का तालको पानी सुकाउने र त्यसमा रहेका माछा मार्ने प्रयोजनका लागि अव्हान भएको हुदा २०८१/११/१५ गते भित्र ताल सुकाई माछा मार्ने कार्य सम्पन्न गरि ताल खाली गर्नुपर्नेछ ।सो अवधिभित्र ताल सुकाई माछा मारी बिक्री गर्न नसके पुनः म्याद थप गर्ने छैन र दरभाउपत्रदाताले सो हकमा उजुर वाजुर गर्न पाईने छैन ।

१०.ठेक्काको कबोल अंकको सम्पुर्ण रकम ,भ्याट र अग्रीम आय कर ठेक्का स्वीकृत भएको ७ दिन भित्र दाखिला गर्नु पर्नेछ यस सूचनामा उल्लेख भएका शर्तहरु लगायत यस गाउँकार्यापालिकाको निर्णयानुसार दिईने सुझाव यस ठेक्का प्रयोजनको लागि अभिन्न अंगको रुपमा मानिनेछन ।

११.यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम लागू हुनेछ ।

गैडहवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिष्णुपुरा, रुपन्देही
लुम्बिनी प्रदेश,नेपाल
२०७३

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत